धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष

National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ६१ ◆ २०८३ असोज १ बिहीबार ◆ Thursday, September 17, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## भोटेकोशी बाढीः आयोगद्वारा ६१ लाख ६२ हजार सहयोग

*प्रत्यूष समाचारदाता*

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भोटेकोशी बाढीबाट प्रभावितका लागि रु ६१ लाख ६२ हजार ५०८ सहयोग गरेको छ । बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा लगायत जिल्लामा भएको जनधनको क्षतिबाट प्रभावितलाई सहयोग गर्ने उद्देश्यले उक्त रकम प्रदान गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो ।

उहाँका अनुसार आयोगका पदाधिकारीको १५ दिन, आयोगका सचिवको १० दिन तथा आयोग र मातहतका कार्यालयमा कार्यरत निजामती तथा प्रहरी सेवाका सहसचिव र सो सरहका राष्ट्रसेवक कर्मचारीको १० दिन बराबरको तलब स्वेच्छिक रूपमा कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको हो ।

त्यस्तै, उपसचिव, शाखा अधिकृत र सो सरहका राष्ट्रसेवक कर्मचारीको सात दिन, राजपत्र अनङ्कित कर्मचारीको पाँच दिन तथा श्रेणीविहीन कर्मचारीको दुई दिन बराबरको तलब कट्टा गरी उक्त रकम सङ्कलन गरिएको आयोगले जनाएको छ ।

## पर्यटनमन्त्री पौडेल र सचिव निरौलाबीच कार्यसम्पादन सम्झौता

काठमाडौं । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडक राज पौडेल 'गनेस' र सचिव मुकुन्दप्रसाद निरौलाबीच वार्षिक कार्यसम्पादन करार सम्झौता भएको छ ।

सिंहदरबारस्थित पर्यटन मन्त्रालयमा बुधबार आयोजित कार्यक्रममा मन्त्री पौडेल र सचिव निरौलाबीच कार्यसम्पादन सम्झौता भएको हो । निर्धारित लक्ष्य हासिल गर्ने, सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने तथा मन्त्रालयको कार्य सम्पादनलाई परिणाममुखी र जवाफदेही बनाउने उद्देश्यले उक्त सम्झौता गरिएको हो । यस्तै, सचिव निरौलासँग मन्त्रालय मातहतका महाशाखा तथा विभागका प्रमुख र मन्त्रालय मातहतका विभिन्न निकायका कार्यकारी प्रमुखले आ-आफ्नो वार्षिक कार्यसम्पादन सम्झौता गरेका छन् । सम्झौताले मन्त्रालय तथा मातहतका निकाय बीच समन्वय, उत्तरदायित्व र परिणाममुखी कार्यसम्पादनलाई थप सुदृढ गर्ने अपेक्षा गरिएको छ । सम्झौतामार्फत निर्धारित नीति, कार्यक्रम तथा लक्ष्यको प्रभावकारी कार्यान्वयन, सेवा प्रवाहमा सुधार तथा मन्त्रालयको कार्यसम्पादन लाई थप जवाफदेही बनाउन योगदान पुग्नेछ ।

## स्वास्थ्य स्वयंसेविकाद्वारा बाढी पीडितलाई आर्थिक सहयोग

बनेपा । बनेपा नगरपालिकाका-१ देखि वडा नं १४ सम्म कार्यरत ८२ महिला स्वास्थ्य स्वयंसेविकाले रसुवाको भोटेकोशीमा गएको बाढीपहिरोबाट पीडितका लागि रु ८२ हजार सहयोग गरेका छन् ।

महिला स्वास्थ्य स्वयम् सेविकाले प्रतिव्यक्ति रु एक हजारका दरले सङ्कलन गरेको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको बनेपा नगरपालिकाका प्रमुख शान्तिरत्न शाक्यले जानकारी दिनुभयो। बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारमा सहयोग पुऱ्याउने उद्देश्यले स्वयंसेविकाले उक्त रकम प्रदान गरेका हुन् । नगरपालिकाले महिला स्वास्थ्य स्वयम् सेविकालाई धन्यवाद दिएका छन् ।

## राष्ट्रिय वाणिज्य बैंकका सेवा निवृत्त कर्मचारीबाट १५ लाख ७४ हजार सहयोग

काठमाडौं । भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावितहरूको सहयोगका लागि राष्ट्रिय वाणिज्य बैंकका सेवानिवृत्त कर्मचारीहरूले १५ लाख ७४ हजार ५४७ रुपैयाँ ११ पैसा सहयोग उपलब्ध गराएका छन् ।

बाढी प्रभावित रसुवा, नुवाकोट तथा धादिङका नागरिकको सहयोगार्थ राष्ट्रिय वाणिज्य बैंक पूर्वकर्मचारी सङ्घका अध्यक्ष दिनेश विक्रम थापाले सो रकम बराबर चेक बुधबार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने गरी ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठलाई हस्तान्तरण गर्नुभयो। चेक बुझ्दै ऊर्जामन्त्री श्रेष्ठले राज्यलाई अप्ठेरो पर्दा दिएको साथ र सहयोगका लागि मन्त्रालयको तर्फबाट धन्यवाद दिनुभयो। "हिमाली सुनामीबाट आफ्नै नेपाली दाजुभाइ विचल्लीमा परेको दुःखदायी अवस्थामा सेवानिवृत्त कर्मचारीले यथाशक्य सहयोग गर्नुपर्छ, यो राज्यप्रतिको हाम्रो दायित्व र पीडितप्रतिको मानवीय कर्तव्यसमेत हो भन्ने मानवीय भावनाले प्रेरित भएर सहयोग सङ्कलन अभियान चलाइएको हो", सङ्घका अध्यक्ष थापाले भन्नुभयो ।

## उपभोक्ता अधिकार संरक्षणमा सबै निकाय जिम्मेवार बन्नुपर्ने

*लोकेश धामी*

सुदूरपश्चिम । नेपालको संविधानले प्रत्याभूत गरेको खाद्य तथा उपभोक्ता अधिकार सुनिश्चित गर्न जिम्मेवार निकाय र आमउपभोक्ता सचेत तथा जिम्मेवार बन्नुपर्नेमा जोड दिइएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालयले बुधबार धनगढीमा आयोजना गरेको समन्वय बैठकमा खाद्य तथा उपभोक्ता अधिकार संरक्षणका लागि सरोकार भएका सबै निकायले आपसी समन्वय र सहकार्यका साथ जिम्मेवारी बहन गर्नुपर्नेमा जोड दिइएको हो ।

बैठकमा खाद्य तथा उपभोक्ता अधिकार संरक्षणसम्बन्धी ऐन, कानुनका प्रावधान, ती कानुनले सिर्जना गरेका दायित्व, उपभोक्ता अधिकार तथा सरोकारवाला निकायको कर्तव्यका विषयमा छलफल भएको थियो। यस्तै, मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना, नेपाल सरकारको कार्यविभाजन नियमावली, २०८३, सुदूरपश्चिम प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०८१ तथा स्थानीय तहको कार्यविभाजन सम्बन्धी व्यवस्था र सेवाप्रदायक निकायको दायित्वबारे पनि छलफल गरिएको थियो ।

आयोगका सुदूरपश्चिम प्रदेश कार्यालय प्रमुख सहसचिव प्रकाश दत्त भट्टले संविधानको धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र धारा ३६ ले खाद्यसम्बन्धी हकको प्रत्याभूति गरेकाले त्यसको संरक्षण र संवर्द्धनका लागि थप जिम्मेवारीका साथ काम गर्नुपर्ने बताउनुभयो । उहाँले उपभोक्ता संरक्षण ऐन, २०७५, खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ तथा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ का व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायबीच समन्वय र सहकार्य आवश्यक रहेको बताउनुभयो । कैलालीका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले कानुनले दिएको अधिकार क्षेत्रभित्र रहेर जिल्लामा उपभोक्ता तथा खाद्य अधिकार संरक्षणका लागि अन्य निकायसँगको समन्वयमा काम भइरहेको बताउनुभयो। उहाँले नागरिकको सबैभन्दा नजिकको सरकारका रूपमा रहेका स्थानीय तह थप क्रियाशील भएमा उपभोक्ता अधिकार संरक्षणका सवालमा उल्लेख्य उपलब्धि हासिल गर्न सकिने धारणा राख्नुभयो ।

प्रमुख जिल्ला अधिकारी रेग्मीले सम्बन्धित निकायलाई आफ्नो जिम्मेवारीमा रहेका काम तदारुकताका साथ गर्न आग्रह गर्दै चाडपर्वका बेला बजार अनुगमन लाई थप चुस्त बनाउनुपर्नेमा जोड दिनुभयो ।

बैठकमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका उपसचिव भपिराज ओझा, जिल्ला प्रहरी कार्यालय कैलालीका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र चन्द, प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दीपेन्द्रकुमार पाल सहभागी हुनुहुन्थ्यो ।

उपभोक्ता हित संरक्षण निर्देशनालय, उपभोक्ता हित संरक्षण मञ्च नेपाल कैलाली, खाद्य आयात निर्यात प्रमाणीकरण कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लगायत सेवाप्रदायक तथा उपभोक्ता अधिकारवादी संस्थाका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो । पभोक्ता अधिकार संरक्षण कुनै एक निकायको मात्र जिम्मेवारी नभएकाले सरोकार भएका सबैले मिलेर काम गर्ने निष्कर्ष निकालेको छ । यस्तै, खाद्य तथा उपभोक्ता अधिकारलाई केवल बजार तथा बजार अनुगमनको विषयका रूपमा मात्र नहेरी मानव अधिकार र सार्वजनिक जवाफदेहिताको विषयका रूपमा ग्रहण गर्दै थप क्रियाशील हुनुपर्नेमा जोड दिएको छ ।

## भोटेकोशी बाढीः छ हजार १५० अझै बेपत्ता



काठमाडौं । भोटेकोशी बाढीमा परी निधन भएकामध्ये हालसम्म एक हजार ४०३ जनाको शव फेला परेको छ । बाढीपश्चात् छ हजार १५० जना अझै सम्पर्कविहीन रहेका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बुधबार साँझ सार्वजनिक गरेको पछिल्लो विवरण अनुसार चितवनमा ३६४, नवलपरासी पूर्वमा २३२, नवलपरासी पश्चिममा २२२, नुवाकोटमा २०२, रसुवामा १९३, गोरखामा ७८, धादिङमा ७२ र तनहुँमा ३८ शव फेला परेको छ। उपचारका क्रममा काठमाडौंमा दुई जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ । हालसम्म फेला परेका शवमध्ये १०५ जनाको सनाखत भइसकेको र बाँकी शवको पहिचानका लागि 'डिएनए' परीक्षणलगायत प्रक्रिया अघि बढाइएको प्राधिकरणले जनाइएको छ ।

प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार बाढीपछि हालसम्म १३ हजार ७४२ जनाको उद्धार गरिएको छ । बाढीमा परी मृत्यु भएकामध्ये एक हजार २८६ जना तथा मृतकका आफन्त एक हजार ८८९ जनाको डिएनए नमूना सङ्कलन गरिएको छ । डिएनए नमूनाका आधारमा सनाखत हुन बाँकी शवको पहिचान गर्ने कार्य अघि बढाइएको प्राधिकरणले जनाएको छ । प्रभावित क्षेत्रमा स्वास्थ्य मन्त्रालय मार्फत १५० जना परामर्शदाता परिचालन गरिएको छ। नेपाल प्रहरीले सञ्चालन गरेका १६६ वटा सामुदायिक जनचेतना कार्यक्रममार्फत ४५ हजार २३८ जनालाई परामर्श प्रदान गरिएको प्रवक्ता महतले जानकारी दिनुभयो। बाढीबाट विस्थापित तथा प्रभावित नागरिकलाई सुरक्षित स्थानमा राख्दै आधारभूत आवश्यकता पूरा गर्न राज्यका विभिन्न निकायले राहत तथा व्यवस्थापनको कामलाई निरन्तरता दिएका छन् । भोटेकोशी नदीमा आएको बाढीबाट ठूलो मानवीय तथा भौतिक क्षति भएपछि अझै सम्पर्कविहीन नागरिकको खोजीलाई प्राथमिकतामा राखिएको प्राधिकरणले जनाएको छ ।

## दुई व्यवस्था कार्यान्वयन नगर्न सर्वोच्चको अन्तरिम आदेश

*प्रत्यूष समाचारदाता*

काठमाडौं । सर्वोच्च अदालतले 'प्रतिनिधिसभा नियमावली, २०८३' का दुई नियम तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ ।

प्रधानन्यायाधीश डा मनोज कुमार शर्मा तथा न्यायाधीशहरू कुमार रेग्मी, डा नहकुल सुवेदी, विनोद शर्मा र शारङ्गा सुवेदीको संवैधानिक इजलासले उक्त आदेश जारी गरेको हो । नेपाली कांग्रेस राष्ट्रियसभा संसदीय दलका नेता कमला देवी पन्त समेतले प्रतिनिधिसभा नियमावली, २०८३ का केही व्यवस्था संविधान विपरीत रहेको दाबी गर्दै रिट दायर गर्नुभएको थियो। सर्वोच्चको आदेशमा प्रतिनिधिसभा नियमावली, २०८३ को नियम १४० को उपनियम (११) र नियम २५९ कार्यान्वयन नगरी यथास्थितिमा राख्न भनिएको छ ।

नियमावलीको १४० को उपनियम ११ मा 'प्रतिनिधिसभाबाट पारित भई राष्ट्रिय सभामा पठाइएको संविधान संशोधन विधेयकमा दुवै सदनको तत्काल कायम सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाइ बहुमत पुगेमा सभामुखले प्रमाणीकरण गरी राष्ट्रपति कहाँ पठाउने विशेष व्यवस्था' छ । यस्तै, नियम २५९ मा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि सभा, समिति र सदस्यको हकमा यो नियमावली सङ्घीय कानुन सरह विशेष कानुनका रूपमा लागू हुने व्यवस्था' छ ।




रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ताहरू राधेश्याम अधिकारी, हरिहर दाहाल, टीकाराम भट्टराई, सीताराम केसी, युवराज भण्डारी, यदुनाथ खनाल तथा अधिवक्ताहरू सेमन्त दाहाल, प्रमोद खनाल र रोशन नेपालले बहस गर्नुभएको थियो । संवैधानिक इजलासले निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो भन्दै सङ्घीय संसद् सचिवालय सहितका विपक्षी लाई सात दिनभित्र महान्यायाधिवक्ता को कार्यालयमार्फत लिखित जवाफ पेस गर्न आदेश दिएको छ ।

साथै, मुद्दालाई प्राथमिकता (अग्राधिकार) दिएर पेस गर्नसमेत इजलासले निर्देशन दिएको छ ।

*सम्पादकीय ....*

## संविधान संशोधनको विषय

संविधानमा केही त्रुटि र कमजोरीलाई समयानुकूल सुधार गर्नुपर्ने आवश्यकता छ। संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशी, मौलिक हक र सामाजिक न्याय जस्ता महत्वपूर्ण आधार स्थापित गरेको छ। यी उपलब्धिलाई उल्ट्याउने होइन, अझ बलियो बनाउने गरी संविधानको प्रगतिशील संशोधन हुनु पर्छ।

संविधानले जनतालाई सार्वभौम माने पनि व्यवहारमा राजनीतिक दल र नेतृत्व नै राज्यसत्ताको केन्द्रमा सीमित हुँदै गएको अनुभूति छ। सुशासन, सामाजिक न्याय र समावेशी राज्यको संवैधानिक परिकल्पनाबिच भ्रष्टाचार, नातावाद, कृपावाद, राजनीतिक अस्थिरता तथा सार्वजनिक संस्थामा हुने राजनीतिक भागबन्डा र हस्तक्षेपले संविधानको मर्म कार्यान्वयनमा प्रश्न उठाएको छ। त्यसैले समस्या संविधानमा भन्दा पनि कार्यान्वयनमा देखिएको छ।

संशोधनको विषयमा निर्वाचन प्रणाली सुधार, राजनीतिक दलभित्रको आन्तरिक लोकतन्त्र र पुस्तान्तरण, प्रहरी प्रशासनसम्बन्धी कानुनमा सुधार, संवैधानिक निकायको स्वायत्तता तथा जवाफदेहिता र सार्वजनिक संस्थामा हुने राजनीतिक हस्तक्षेप अन्त्य जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ। राज्यका नीति निर्माण तहमा युवाको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्ने संवैधानिक तथा कानुनी आधार पनि आवश्यक ठानिएको छ।

संविधान संशोधनको अधिकार संसद्सँग रहे पनि त्यसको वैधता व्यापक नागरिक बहस र स्वामित्वबाट निर्माण हुनु पर्छ, जसका लागि विज्ञ, संविधानविद्, कानुनविद्, युवा, नागरिक अगुवा तथा अन्य सरोकारवालाको सहभागितामा संविधान संशोधन सुझाव आयोग गठन गर्नुपर्ने प्रस्ताव छ। सङ्घ, प्रदेश र स्थानीय तहसम्म बहस र अन्तक्रिया गरेर प्राप्त सुझावलाई प्रतिवेदनका रूपमा संसदीय प्रक्रियामा लैजानु पर्छ।

निर्वाचन प्रणालीमा प्रवासी नेपालीको मताधिकार, उम्मेदवारी दर्ताकै क्रममा सम्पत्ति विवरण सार्वजनिक गर्ने व्यवस्था, दलभित्र प्राइमरी निर्वाचन, मतपत्रमा उम्मेदवारको क्रम गोलाप्रथाबाट निर्धारण तथा दलका अध्यक्ष वा सभापतिलाई बढीमा दुई कार्यकालको सीमा तोक्ने विषयलाई प्राथमिकता दिनु पर्छ। युवालाई चुनावका बेला पोस्टर, पम्प्लेट, झन्डा र सामाजिक सञ्जालमा प्रचार गर्ने जनशक्तिमा मात्र सीमित नराखी राज्यनिर्माणका निर्णयकर्ता पुस्ताका रूपमा स्थापित गर्नुपर्ने अपेक्षा छ।

संविधानलाई अझ लोकतान्त्रिक, जनउत्तरदायी र परिणाममुखी बनाउनुपर्ने पक्षमा उभिएको पुस्ता हो- जेनजी। संविधानले गणतन्त्र, लोकतन्त्र, मौलिक अधिकार, समावेशी, सङ्घीयता र सामाजिक न्यायका महत्वपूर्ण आधार स्थापित गरेको छ। संविधानका सुन्दर अक्षर नागरिकको जीवनमा कति कार्यान्वयन भए भन्ने प्रश्न अहिलेको पुस्ताले उठाएको छ। युवाले रोजगारीका लागि बिदेसिनुपर्ने बाध्यता, भ्रष्टाचार र अनियमितताका निरन्तर प्रश्न, राजनीतिक अस्थिरता र राज्यका निकायप्रति कमजोर हुँदै गएको नागरिक विश्वासले संविधानको कार्यान्वयनमाथि बहस आवश्यक बनाएको छ। संविधानले परिकल्पना गरेको लोकतन्त्रले नागरिकलाई अपेक्षित परिणाम किन दिन सकेन भन्ने प्रश्न यथावत् छ।

## लालबहादुरको सिको गर्दै गाउँभरि व्यावसायिक तरकारी खेती

*टेकबहादुर बुढा*

बाजुराको बडीमालिका नगरपालिका–८ गडखेतका लाल बहादुर ऐडीले तरकारी खेती गर्न थालेको दशक पुग्न लाग्यो। सुरुमा सामान्य परम्परागत खेती गर्दै आउनुभएका ऐडीले व्यावसायिक रूपमा तरकारी खेती सुरु गरेपछि हाल उहाँको दैनिकी बारीको हेरचाह, उत्पादन र बिक्रीमा बित्ने गरेको छ।

सदरमुकाम मार्तडी नजिकै गडखेतका लालबहादुर हरेक दिन बिहानदेखि साँझसम्म तरकारी बारीमै व्यस्त हुनुहुन्छ। उहाँले हाल करिब १२ रोपनी क्षेत्रफलमा विभिन्न प्रजातिका तरकारी उत्पादन गर्दै आउनुभएको छ।

"सुरुमा तरकारी खेतीबाट राम्रो आम्दानी हुन्छ भन्ने विश्वास कम थियो। गाउँघरमा परम्परागत रूपमा अन्नबाली लगाउने चलन रहेकाले व्यावसायिक खेतीतर्फ किसानको खासै आकर्षण थिएन," उहाँले भन्नुभयो, "अहिले भने आफूले उत्पादन गरेको तरकारीबाट आम्दानी हुन थालेपछि अन्य किसान पनि यसतर्फ आकर्षित भएका छन्।"

गाउँमै उद्यम

लालबहादुर विसं २०७५ मा बाजुराबाट सङ्घीय राजधानी काठमाडौँ जानुभयो। नेपाली सेनामा कार्यरत उहाँकी साली पुनम रावलले तरकारी खेती गर्न काठमाडौँ आउन आग्रह गरेपछि लालबहादुरले पाँच वर्ष त्यतै व्यावसायिक तरकारी खेती गर्नुभयो। "तीन रोपनी क्षेत्रफलमा १५ वटा टनेलमा तरकारी खेती गरिरहेको थिए। त्यहाँ बजारको कुनै समस्या थिएन, बारीमै बिक्री हुन्थ्यो। त्यो बेचेर वार्षिक सात लाखभन्दा बढी आम्दानी हुन्थ्यो। दुईवटा गाई थिए, दिनमा ३५ लिटर दूध बेच्थेँ, राम्रो थियो," ऐडीले भन्नुभयो।

काठमाडौँमा सेवासुविधा र बजारको सहजता भए पनि आफ्नै गाउँमा केही गर्नुपर्छ भन्ने सोचले उहाँ पुनः गाउँ फर्किनुभयो। गाउँ फर्किएपछि व्यावसायिक खेती गर्ने सोचका साथ उहाँले हिमाल बहुउद्देश्यीय कृषि फार्म दर्ता गर्नुभयो। केही आफ्नै जग्गा र केही भाडामा लिएर उहाँले गोलभेँडा, लौका, काँक्रो, प्याज, काउली, बोडीलगायत विभिन्न किसिमका तरकारी लगाउनुभएको छ।

वार्षिक १५ लाखको तरकारी बिक्री

व्यावसायिक खेतीमा जम्नुभएका लालबहादुरको बारीबाट वार्षिक रु १५ लाख बराबरको तरकारी बिक्री हुने गरेको छ। उत्पादित तरकारी सदरमुकाम मार्तडी, बाम्का लगायतका बजारमा बिक्री गर्ने गरेको उहाँले बताउनुभयो। उत्पादन भएको तरकारी घरमै आएर खरिद गर्ने व्यापारीदेखि स्थानीय बजारसम्म पुग्ने गरेको उहाँको भनाइ छ।

उहाँको बारीमा सबैभन्दा बढी गोलभेँडा छ। दैनिक ५० किलोसम्म बिक्री हुने गरेको उहाँ बताउनुहुन्छ। सबै तरकारी बिक्रीबाट वार्षिक रूपमा रु आठ लाख बचत हुने गरेको उहाँले सुनाउनुभयो। परम्परागत रूपमा अन्नबाली उत्पादन गर्दै आउनु भएका ऐडीले त्यसबाट हुने आम्दानीको तुलनामा तरकारी खेतीबाट राम्रो आम्दानी भएको बताउनुभयो। थोरै क्षेत्रफलमा मेहनत र लगानी गर्न सके तरकारीबाट छोटो समयमै आम्दानी लिन सकिनेमा उहाँ ढुक्क देखिनु हुन्छ।

मेहनतअनुसार आम्दानी हुने भएकाले आफूलाई यो काममा सन्तुष्टि मिलेको उहाँको भनाइ छ। "यसमा काम धेरै छ, तर मेहनत गरेअनुसार आम्दानी पनि हुन्छ," उहाँ भन्नुहुन्छ, "आफ्नै जमिनमा परिवारका सदस्य मिलेर काम गर्न सकिने भएकाले बाहिर गएर रोजगारी खोज्नुपर्ने बाध्यता हुँदैन।"

गाउँभरि फैलियो तरकारी खेती

गडखेतमा ३५ परिवार बसोबास गर्दै आएका छन्। तीमध्ये हाल २५ परिवार व्यावसायिक तरकारी खेतीमा लागेका छन्। उनीहरूको मुख्य आम्दानीको स्रोत नै तरकारी बन्न थालेको छ। ऐडीले सुरु गरेको व्यावसायिक खेती अहिले उहाँको व्यक्तिगत व्यवसायमा मात्रै सीमित छैन। उहाँको सफलताबाट प्रभावित भएर गाउँका अन्य किसानले पनि त्यसलाई अनुसरण गरेका छन्। यसले गाउँमा तरकारी उत्पादनको क्षेत्र विस्तार हुनाका साथै किसानको आयआर्जनको स्रोत बढाएको छ।

लालबहादुर काठमाडौँबाट गाउँ फर्किएर व्यावसायिक तरकारी खेती गर्ने गाउँकै पहिलो व्यक्ति हुनुहुन्थ्यो। निर्वाहमुखी रूपमा सबैले उत्पादन गरे पनि व्यावसायिक रूपमा खेती गर्ने कोही थिएनन्। जब लालबहादुरले व्यावसायिक खेती गरेर राम्रो आम्दानी गर्न थाल्नुभयो, त्यसपछि गाउँका धेरैजसो बारीमा टनेल देखिन थालेका छन्। "सुरुमा मैले मात्रै तरकारी खेती गरेको थिएँ," ऐडीले भन्नुभयो, "तरकारी बिक्री गरेर राम्रो आम्दानी हुन थालेपछि गाउँका अरू किसानले पनि यसबाट राम्रो आम्दानी हुने रहेछ भन्ने ठानेर सुरु गर्नुभयो। यो मेरा लागि गौरवको विषय हो।"

एक जनाबाट सुरु भएको व्यावसायिक खेती विस्तार हुँदै गएपछि अहिले गाउँको पहिचान नै बदलिएको छ। खेतबारीमा देखिने टनेल, दैनिक बजार जाने तरकारी का भारी र त्यसबाट भइरहेको आम्दानीले गडखेतलाई तरकारीको पकेट क्षेत्रका रूपमा चिनाउँदै लगेको छ। "मेरो दैनिक तीन भारीसम्म हुन्छ, अरूले एक–दुई भारी बजार पठाएकै हुन्छन्," लालबहादुरले भन्नुभयो, "गाउँका सबै खुसी छन्। सीप सिकेर खान पायौँ, बिक्री गर्न पायौँ भनेर धन्यवाद दिइरहेका छन्।" गाउँका किसानलाई तरकारी खेतीतर्फ आकर्षित गर्न ऐडीले आफ्नो अनुभव पनि बाँड्दै आउनुभएको छ। कुन समयमा कुन तरकारी लगाउने, कसरी खेत तयार गर्ने, उत्पादन बढाउन के कुरामा ध्यान दिने लगायतका विषयमा आफूले जानेका कुरा अरू किसानलाई बताउने गरेको उहाँ सुनाउनुहुन्छ।

आम्दानीको आधार

तरकारी खेती लालबहादुर का लागि केवल आम्दानीको माध्यम मात्रै बनेको छैन, परिवारको रोजगारीको आधार बनेको छ। वर्षभरि खेतबारीमा काम गर्नुपर्ने भएकाले परिवारका सदस्यलाई कामको अवसर मिलेको छ।

विदेश वा सहरमा रोजगारी खोज्नु भन्दा आफ्नै गाउँमा व्यावसायिक कृषि गर्न सके आम्दानीको राम्रो स्रोत बनाउन सकिने उहाँको बुझाइ छ। तरकारी खेतीबाट नियमित आम्दानी हुन थालेपछि कृषि पेसाप्रति उहाँको विश्वास बढेको छ। "आफ्नै गाउँमा बसेर राम्रो आम्दानी गर्न सकिन्छ भन्ने मेरो अनुभव हो," उहाँले भन्नुभयो, "तरकारी खेतीलाई व्यावसायिक रूपमा गर्न सक्ने हो भने परिवार पाल्न र आम्दानी गर्न समस्या हुँदैन।"

आगामी दिनमा उत्पादन अझै बढाउने योजना रहेको उहाँले सुनाउनुभयो। बजारको मागअनुसार उत्पादन विस्तार गर्ने र आधुनिक प्रविधिको प्रयोग गर्ने उहाँको सोच छ। उहाँलाई विभिन्न सरकारी तथा गैरसरकारी संस्थाको साथ मिलेको छ। कृषि ज्ञान केन्द्र, बडीमालिकाले अनुदानमा वार्षिक टनेल तथा बीउ उपलब्ध गराउँदै आएको छ।

'तरकारीमा आत्मनिर्भर बन्ने बाटोमा छ बाजुरा'

कृषि ज्ञान केन्द्रका अनुसार बाजुरा अझै तरकारीमा आत्मनिर्भर हुन सकेको छैन। अन्य समयको तुलनामा बेमौसमी 'सिजन'मा बाहिरबाट जिल्लामा आयात हुने गरेको छ। मौसमी सिजनमा भने निर्यात हुने गरेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी प्रेमराज न्यौपानेले बताउनुभयो।

"मुख्य गरी पुस–माघ चिसो महिनामा बाहिरबाट तरकारी भित्रिने गरेको छ," उहाँले भन्नुभयो, "अन्य समयमा भने निर्यात हुने गरेको छ। अब बिस्तारै बाजुरा तरकारीमा आत्मनिर्भर बन्दैछ।" जिल्लाका नौवटै स्थानीय तहका विभिन्न स्थानमा व्यावसायिक खेती भएकाले विगतको तुलनामा आयात क्रमशः घट्दै गएको न्यौपानेले बताउनुभयो। उहाँका अनुसार आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा ५० लाख ७२ हजार २६७ मेट्रिक टन तरकारी उत्पादन भएको थियो। गत आर्थिक वर्षको तथ्याङ्क सङ्कलन भइरहेको जानकारी दिँदै उहाँले उत्पादन बढ्ने अनुमान गरिएको बताउनुभयो।

## गोरखामा हुलाकमार्फत घरमै राहदानी

गोरखा। जिल्ला हुलाक कार्यालय मार्फत जिल्लाका ५५० जनाले घरमै राहदानी प्राप्त गरेका छन्। वैशाख १५ गतेयता जिल्लाभर ५५० जनाले घरमै राहदानी बुझेको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताउनुभयो।

चैत १३ गते बसेको मन्त्रिपरिषद्को बैठकले हुलाक मार्फत नागरिकको घरघरमै राहदानी (पासपोर्ट) पुर्‍याउने निर्णय गरेको थियो। सरकारको शासकीय सुधार कार्यक्रम अन्तर्गत हुलाक सेवामार्फत राहदानी नागरिकको घरघरमै पुर्‍याउने नीतिनुसार जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालयबीच वैशाख १५ गते सम्झौता भएको जिल्ला हुलाक अधिकृत विनोद गैरेले जानकारी दिनुभयो। जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाकबीच गृहजिल्लाभित्र नागरिकको घरघरमा राहदानी पुर्‍याउने सम्झौता भएको उहाँको भनाइ छ। सम्झौताअनुसार जिल्ला प्रशासन कार्यालयमा एउटा काउन्टर नै स्थापना गरेर हुलाक कार्यालयका एक जना कर्मचारी राखेका छौँ", गैरेले भन्नुभयो, "प्रशासनमा राहदानीको फारम भर्न आउने सेवाग्राहीले फारम भर्दा राहदानी लिन कार्यालयमै आउने अथवा घरमै लिने भन्ने छनोट गर्नुहुन्छ। घरमै लिने भन्नेहरूको हकमा हुलाकको फारम भराएर आवश्यक विवरण टिप्ने गरेका छौँ। सोही विवरणको आधारमा राहदानी आएपछि घरमै पुर्‍याइदिन्छौँ।" घरमै राहदानी लिनका लागि सेवाग्राही ले ५५ रुपैयाँको हुलाक टिकट टाँस्नुपर्ने उहाँको भनाइ छ। त्यसबाहेक अन्य अतिरिक्त शुल्क नलाग्ने उहाँको भनाइ छ।

राहदानीको फाराम भरेका सेवाग्राहीले घरमै राहदानी लिनका लागि जिल्ला प्रशासन कार्यालयको हुलाक काउन्टरमा आवश्यक विवरण टिपाउनुपर्ने व्यवस्था छ। सेवाग्राहीले आफ्नो नाम, नम्बर, ठेगानालगायतका विवरण टिपाउनु पर्ने हुलाक कार्यालयले जनाएको छ। काठमाडौँबाट छापिएर आएका राहदानी प्रशासन कार्यालयले हुलाक कार्यालयको जिम्मा लगाइसकेपछि जिल्लाभित्र कम्तीमा तीन दिनभित्र सेवाग्राहीको घरघरमा पुग्ने हुलाक अधिकृत विनोद गैरेले बताउनुभएको छ। "सेवाग्राहीले राहदानी लिइसकेपछि हामीले त्यसको रसिद बनाएर प्रशासन कार्यालयलाई बुझाउँछौँ", उहाँले भन्नुभयो। भौगोलिक विकटताका कारण चुमनुब्रीको हकमा पालिकाको केन्द्र फिलिम बाहेक अन्य ठाउँ घरघरमा राहदानी पुर्‍याउने विषय जटिल रहेको जिल्ला हुलाक कार्यालय गोरखाका प्रमुख विनोद गैरे बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "चुमनुब्रीमा पालिका केन्द्रसम्म मात्र पठाउन सक्छौं, त्यो भन्दामाथि पुर्‍याउने जनशक्ति र स्रोतसाधन हामीसँग छैन। सरकारको नीतिअनुसार हामीले भएका जनशक्ति र स्रोतसाधनको अधिकतम प्रयोग गरेर यो सेवा सञ्चालनका ल्याएका हौं।"

जिल्लाको पालुङटार नगरपालिका, सहिदलखन र आरुघाट गाउँ पालिकाका अधिकांश सेवा ग्राहीले घरमै राहदानी बुझिलिने गरेको जिल्ला हुलाक कार्यालय गोरखाको भनाइ छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ –३,धादिङबेसी,
फोन ०१०–५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

## प्रदेश प्रमुख देवकोटाद्वारा एक महिनाको पारिश्रमिक राहत कोषमा

बागमती। बागमती प्रदेशका प्रमुख दीपकप्रसाद देवकोटाले भोटेकोशी बाढी प्रभावित नागरिकका लागि आफूले प्राप्त गर्ने एक महिनाको पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्नुभएको छ।

पीडितको उद्धार तथा उनीहरूको पुनःस्थापनामा थोरै भए पनि राहत पुगोस् भन्दै प्रदेश प्रमुख देवकोटाले उक्त सहयोग प्रदान गर्नु भएको प्रदेश प्रमुखको सचिवालयले जनाएको छ। बाढीका कारण ठूलो जनधनको क्षति भोगिरहेका भोटेकोशी क्षेत्रका पीडितको अवस्था बुझ्न प्रदेश प्रमुख स्वयं यही भदौ १३ गते नुवाकोटको बिदुर पुगी त्यहाँको अवस्थाबारे जानकारी लिनुभएको थियो। बाढी प्रभावित क्षेत्रमा उद्धार र राहतका कार्यलाई अझ तीव्र बनाउन सरोकारवाला निकायसँग आग्रह गर्दै प्रदेश प्रमुख देवकोटाले सङ्कटको यस घडीमा एकताबद्ध भएर जुट्न सम्बद्ध सबैमा अपिल गर्नुभएको छ।

## मनास्लु आरोहण सुरु

गोरखा। शरद ऋतुका लागि मनास्लु हिमालको आरोहण सुरु भएको छ। यो याममा आरोहणका लागि अनुमति लिएका विभिन्न देशका ४६६ जना आरोहीले गत मङ्गलबार देखि आरोहण सुरु गरेका हुन्।

उनन्चालिस (३९) समूहमा ३४२ जना पुरुष र १२४ जना महिला आधार शिविरबाट आरोहण का लागि प्रस्थान गरेका छन्। आधार शिविरमा लामा गुरुले पूजा गरेर आरोहणको साइत गरिएको आरोहीका सहयोगी विसबहादुर गुरुङले जानकारी दिनुभयो। आरोहीहरूले अबको एक दुईदेखि तीन साताभित्र आरोहण गरिसक्ने गुरुङको भनाइ छ। यो याममा नेपाल सरकारले मनास्लु आरोहण गर्नेहरूबाट रु २१ करोड २४ लाख ४८ हजार राजस्व आर्जन गरेको पर्यटन विभागले जनाएको छ। मनास्लु आरोहण गर्ने आरोहीको यो सङ्ख्या अहिलेसम्मकै उच्च हो। साथै राजस्व पनि अहिलेसम्मकै धेरै हो। गोरखाको चुमनुब्री गाउँपालिका-१ सामागाउँमा अवस्थित मनास्लु सन् १९५६ मे ९ देखि आरोहण गर्न सुरु गरिएको थियो। समुद्री सतहबाट आठ हजार १६३ मिटर अग्लो यो विश्वकै आठौँ अग्लो हिमाल हो।

## जटिल रोगका बिरामीलाई उपचारमा सहुलियत दिइने

मकवानपुर। बागमती प्रदेश सरकारले क्यान्सर, हृदयघात तथा महिलामा हुने पाठेघरको मुखको क्यान्सर लगायत जटिल रोगका बिरामीलाई सहुलियतपूर्ण उपचार सेवा उपलब्ध गराउने भएको छ।

सहुलियतपूर्ण उपचार सेवाका लागि प्रदेश सरकार र काठमाडौँ उपत्यकाभित्र रहेका विभिन्न अस्पतालबीच 'मुख्यमन्त्री स्वास्थ्य सेवा कार्यक्रम'अन्तर्गत उपचार सहुलियत सम्बन्धी सम्झौता भएको छ।

बुधबार प्रदेश राजधानी हेटौँडामा आयोजित कार्यक्रममा प्रदेश सरकारका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री गिरबहादुर तामाङ र सम्बन्धित अस्पतालका प्रतिनिधिबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो। सम्झौता अनुसार कार्यक्रमका लागि सूचीकृत अस्पतालमार्फत जटिल रोगबाट पीडित प्रदेशवासीले सहुलियतपूर्ण उपचार सेवा प्राप्त गर्ने मन्त्री तामाङले जानकारी दिनुभयो। उक्त कार्यक्रमबाट जटिल रोगका बिरामीलाई उपचारमा राहत पुग्ने उहाँको विश्वास छ। "उपचार खर्चका कारण स्वास्थ्य सेवाबाट वञ्चित हुनुपर्ने अवस्थालाई कम गर्न यो कार्यक्रम प्रभावकारी हुने आशा राखेका छौँ," उहाँले भन्नुभयो।

बागमती प्रदेशमा 'मुख्य मन्त्री स्वास्थ्य सेवा कार्यक्रम' अन्तर्गत हाल १७ अस्पताल सूचीकृत रहेका छन्। मन्त्री तामाङका अनुसार प्रदेश सरकारले सूचीकृत अस्पतालमार्फत लक्षित बिरामीलाई सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएको छ।

## इन्द्रध्वजको प्रतीक आइपुग्यो भोटाहिटीमा, शनिबार नगर प्रवेश गराइने

काठमाडौँ। इन्द्रजात्राका लागि इन्द्रध्वजोत्थान गर्न भक्तपुरको नाला सामुदायिक वनबाट ल्याइएको इन्द्रध्वजको प्रतीक भोटाहिटी ल्याइएको छ।

प्रत्येक वर्ष भाद्रपद शुक्ल द्वितीयाका दिन नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले दिएको साइतमा वन यात्रा सुरु गरी लिङ्गोको लागि रुख काट्न वनमा जाने परम्परा रहेको छ। त्यसअनुसार भदौ २८ गते आइतबार बिहान ९:५३ को साइतमा गएको टोलीले नाला सामुदायिक वनबाट सल्लाको रुख काटेर भोटाहिटीमा ल्याएको हो।

वनमा पुगेर तरवार र खड्ग एवं रुखको पनि पूजा गरी समितिले नै दिएको साइतअनुसार भदौ २८ गते आइतबार रातिको ८:४७ बजे रुख काटेर ल्याइएको हो। रुख काट्नुअघि बोकाको बलिसहित तान्त्रिक विधिले पनि पूजा गर्ने परम्परा रहेको छ।

भक्तपुरको चाँगुनारायण नगरपालिका-९ ताथलीस्थित नाला सामुदायिक वनबाट इन्द्रध्वजको प्रतीकका लागि रुख काटेर ल्याउने परम्परा रहेको छ। इन्द्रजात्रा र बिस्केट जात्राका लागि यही सामुदायिक वनबाट सल्लाको रुख ल्याउने गरिएको संस्थानका कर्मचारी रमेश काफ्लेले बताउनु भयो। इन्द्रजात्राको लिङ्गोका लागि रुख काट्न सामुदायिक वनसँग सम्झौता गर्ने गरिएको छ। बिस्केट जात्राको लिङ्गो काट्नका लागि भने बोलपत्र आह्वान गर्ने गरिएको संस्थानले जनाएको छ।

## शैक्षिक परामर्श तथा भाषा परीक्षणका लागि नयाँ नियमावलीबमोजिम दर्तामा आउन मन्त्रालयको सूचना

काठमाडौँ। शिक्षा तथा खेलकुद मन्त्रालयले नयाँ नियमावली बमोजिम शैक्षिक परामर्श सेवा तथा भाषा परीक्षण सञ्चालनका लागि संस्था दर्ता तथा अनुमति लिन इच्छुक संस्थालाई अनलाइन आवेदन पेस गर्न सूचना जारी गरेको छ।

शैक्षिक परामर्श, प्रमाणीकरण तथा छात्रवृत्ति शाखाले 'शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३' बमोजिम सूचना जारी गर्दै आवेदन माग गरेको हो।

मन्त्रालयका अनुसार प्रदेश सरकार वा स्थानीय तहबाट शैक्षिक परामर्श सेवाको अनुमति प्राप्त संस्थाले २०८३ असोज २५ गतेभित्र आवेदन पेस गर्नुपर्नेछ भने अन्य संस्थाले सूचना पहिलोपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र अनलाइन आवेदन दिनुपर्ने व्यवस्था गरिएको छ। शैक्षिक परामर्श र भाषा परीक्षाका क्षेत्रमा हुँदै आएको विकृति र विसङ्गति रोक्न नियमावली ल्याइएको र सोको कार्यान्वयनका लागि सूचना यही भदौ ३० गते प्रकाशित भएको मन्त्रालयले जनाएको छ। आवेदनका क्रममा नियमावलीमा तोकिएको ढाँचामा निवेदन तथा आवश्यक कागजात पेस गर्नुपर्नेछ। संस्थाले कम्पनी दर्ता प्रमाणपत्र, प्याट वा प्यान प्रमाणपत्र, आर्थिक वर्ष २०८२-८३ सम्मको कम्पनी अद्यावधिक प्रमाण तथा करचुक्ता प्रमाणपत्रलगायत कागजात पेस गर्नुपर्नेछ।

शैक्षिक परामर्श सेवा सञ्चालन गर्न चाहने संस्थाले स्नातक उत्तीर्ण गरी सम्बन्धित तालिमप्राप्त जनशक्ति नियुक्त गरेको प्रमाणसमेत पेस गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी भाषा परीक्षण सञ्चालनका लागि सम्बन्धित भाषा परीक्षणको अधिकारप्राप्त निकायको अनुमतिपत्र, सम्बन्धित देशको कूटनीतिक नियोगको सिफारिस तथा प्रशिक्षकको योग्यता र तालिमसम्बन्धी प्रमाणपत्र आवश्यक पर्ने मन्त्रालयका प्रवक्ता श्रीप्रसाद भट्टराईले जानकारी दिनुभयो। मन्त्रालयमा यसअघि नै निवेदन दिई निर्णयको पर्खाइमा रहेका संस्थाका लागि पनि सूचनामा छुट्टै व्यवस्था गरिएको छ। विसं २०७५ साउन १४ गतेअघि मन्त्रालयमा निवेदन दिई निर्णयको पर्खाइमा रहेका संस्थाले पोर्टलमा विकल्प छनोट गरी निवेदनका क्रममा मन्त्रालयले उपलब्ध गराएको स्लिप तथा बैंक भौचर अपलोड गर्नुपर्नेछ। त्यस्ता निवेदकका लागि आवेदन दस्तुर नलाग्ने व्यवस्था गरिएको छ।

अन्य नयाँ निवेदकका लागि आवेदन दस्तुर रु पाँच हजार तोकिएको छ। दस्तुर अनलाइन माध्यमबाट सरकारी भुक्तानी प्रणालीमार्फत तिर्नुपर्ने र अन्य माध्यमबाट गरिएको भुक्तानी मान्य नहुने मन्त्रालयले जनाएको छ।

मन्त्रालयले पहिलोपटक अनुमति माग गर्ने संस्थाले शाखा कार्यालय माग गर्न नपाउने तथा निर्णयको पर्खाइमा रहेका र प्रदेश सरकार वा स्थानीय तहबाट अनुमति प्राप्त संस्थाको नाम परिवर्तन गर्न नपाइनेसमेत जनाएको छ। शैक्षिक परामर्श सेवा र भाषा परीक्षणबाहेक अन्य सेवा सञ्चालनका लागि सम्बन्धित नियमावलीअनुसार प्रदेश सरकार वा स्थानीय तहबाट स्वीकृति लिन सकिने व्यवस्था गरिएको छ। सरकारले यसअघि प्रचलनमा रहेको शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७३ खारेज गरी २०८३ असारमा नयाँ नियमावली ल्याइएको हो। यसैबीच, नयाँ व्यवस्थाअनुसार संस्था दर्ता तथा सञ्चालन प्रक्रियाका विषयमा शैक्षिक परामर्श व्यवसायी सङ्घ (इक्यान)ले पनि ध्यानाकर्षण जनाएको छ। व्यवसायीहरूले नयाँ व्यवस्थाको कार्यान्वयन, आवेदन प्रक्रिया तथा समयसीमाबारे थप स्पष्टता आवश्यक रहेको बताएका छन्।

बुधबार मन्त्रालयले भने नियमावलीअनुसार दर्ता तथा अनुमति प्रक्रियालाई अनलाइन प्रणालीमार्फत अघि बढाएको जनाएको छ। (इक्यान) का अध्यक्ष लक्ष्मण पौडेलले नयाँ नियमावली लाई संशोधन गरेर मात्रै कार्यान्वयन मा जान आफूहरूले माग गर्दै आएको बताउनुभयो।

## जलवायु परिवर्तनसम्बन्धी घरपझोङ घोषणापत्र जारी, जलवायु न्यायको माग

मुस्ताङ। 'हिमालको आवाज, स्थानीय तह तहको सङ्कल्प र जलवायु न्यायको साझा प्रतिबद्धता, स्थानीय तहको जिम्मेवारी: जलवायु न्यायका लागि साझेदारी' मूल नारासहित बिहीबार (हिजो) मुस्ताङ जिल्लाको घरपझोङ गाउँपालिकाले घरपझोङ जलवायु परिवर्तन सम्बन्धी 'घरपझोङ घोषणापत्र' जारी गरेको छ।

घरपझोङ गाउँपालिका कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष मोहनसिंह लालचनले जलवायु परिवर्तन सम्बन्धी घरपझोङ घोषणापत्र-२०८३ जारी गर्नुभएको हो। मङ्गलबारदेखि सुरु भएको दुईदिने घरपझोङ जलवायु परिवर्तन सम्मेलन आज समापन भएपछि गाउँपालिका कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै ४९ बुँदे जलवायु परिवर्तनसम्बन्धी घरपझोङ घोषणापत्र जारी गरेको हो। घोषणापत्रमा जलवायु न्यायको मागलाई मूल मुद्दाको रुपमा अघि सारिएको छ।

मुस्ताङमा सम्पन्न घरपझोङ जलवायु परिवर्तन सम्मेलन २०८३ को घोषणपत्रले हाम्रा साझा दृष्टिकोणतर्फ जलवायु सङ्कटलाई विकासका रुपमा स्वीकार गर्ने, जलवायु न्यायको मागलाई मूल मुद्दा बनाउने, हिमालको संरक्षणलाई विश्वव्यापी प्राथमिकता बनाउन माग गर्ने, विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलता बुँदामा जलवायु जोखिमको पहिचान र नक्साङ्कन गर्नुपर्ने, जलवायु जोखिम न्यूनिकरण गर्न पूर्वसूचना र पूर्वकार्यमा जोड दिइनुपर्ने, जलवायु उत्थानशीलता पूर्वाधार निर्माणमा जोड दिनुपर्ने र जोखिममा आधारित भू-उपयोग तथा सुरक्षित बस्ती विकासमा जोड दिइनुपर्ने उल्लेख छ। घोषणपत्रको जलवायु अनुकूलन र प्रकृति संरक्षण कार्यमा जलस्रोत संरक्षण र जलसुरक्षाको सुनिश्चितता गर्ने, जलवायु अनुकूलन कृषि तथा पशुपालन र जीविकोपार्जन, जैविक विविधता र पारिस्थितिक प्रणाली तथा दिगो पर्यटनतर्फ जोड दिइएको छ। जलवायु वित्त र स्रोत परिचालनतर्फ स्थानीय तहमा जलवायु वित्तको प्रत्यक्ष पहुँच, अनुदानमुखी जलवायु वित्त, स्थानीय जलवायु कोष र जलवायु बजेटको पारदर्शिता लगायतका विषय घोषणापत्रमा समेटिएका छन्। यस्तै, हानी तथा क्षति, विस्थापन र जलवायुजन्य बसाइँसराइअन्तर्गत हानि तथा नोक्सानीको मान्यता, जलवायुजन्य विस्थापन र हिमाली समुदायको अस्तित्व संरक्षणमा जोड दिइएको छ। समावेशी र स्थानीय नेतृत्वको जलवायु शासनतर्फ महिला तथा सीमान्तकृत समुदायको नेतृत्व विकास, स्थानीय ज्ञानको सम्मान र युवाको सहभागिता गर्ने रहेका छन्। ज्ञान, विज्ञान, प्रविधि र सहकार्यमा स्थानीय जलवायु सूचना प्रणाली, अनुसन्धान तथा प्रमाणमा आधारित नीति र ज्ञान साझेदारी गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ।

जलवायु घोषणापत्र जारी गर्दै अध्यक्ष लालचनले हरित तथा उत्थानशील अर्थतन्त्रमा हरित रोजगारी र उद्यम, नवीकरणीय ऊर्जा तथा निजी क्षेत्रको सहभागिता हुनुपर्ने उल्लेख छ। जलवायु परिवर्तनको असरसँग जुध्न सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य गर्दै बहुस्तरीय जलवायु शासन, स्थानीय तहको संस्थागत क्षमता र राष्ट्रिय तथा अन्तरराष्ट्रिय मञ्चमा स्थानीय तहको आवाज बुलन्द गरिनुपर्ने उल्लेख छ।

नेपाल सरकार तथा अन्तराष्ट्रिय समुदायसमक्ष विशेष आह्वान गर्दै हिमाली क्षेत्रको जलवायु सङ्कटको वैज्ञानिक अध्ययन तथा अनुसन्धान, हिमनदी तथा हिमतालको निगरानी र पूर्वसूचना प्रणाली विस्तार गर्न पर्याप्त अन्तरराष्ट्रिय तथा राष्ट्रिय लगानी गर्नुपर्ने घरपझोङ जलवायु घोषणापत्रमा उल्लेख छ।

नेपालका स्थानीय तहलाई जलवायु अनुकूलन तथा विपद जोखिम न्यूनीकरणका लागि प्रत्यक्ष, पर्याप्त, पूर्वानुमानयोग्य र अनुदानमुखी जलवायु वित्तमा पहुँच सुनिश्चित गरिनुपर्ने, जलवायु परिवर्तनबाट भएको तथा भविष्यमा हुने हानि तथा क्षति सम्बोधनका लागि सम्बन्धीत अन्तराष्ट्रिय संयन्त्रहरुलाई स्थानीय तह र स्थानीय समुदायसम्म प्रभावकारी रुपमा पुऱ्याउने, हिमाली तथा पर्वतीय मुलुकहरुको साझा साझा आवाजलाई अन्तरराष्ट्रिय जलवायु वार्तामा थप प्रभावकारी रुपमा प्रस्तुत गर्ने नेपालले नेतृत्वदायी भूमिका निर्वाह गरिनुपर्ने जारी घोषणापत्रमा उल्लेख छ।

यसैगरी हिमालहरुको निरन्तर निगरानी गर्ने प्रणाली तत्काल निर्माण एवं लागू गर्नुपर्ने, स्थानीय सरकार र प्रभावित समुदायलाई जलवायु वित्तमा प्रत्यक्ष तथा प्रभावकारी पहुँच सुनिश्चित गर्न आवश्यक प्रक्रिया र मापदण्ड सरल तथा सहज बनाइनुपर्ने, जलवायु परिवर्तनबाट सबैभन्दा प्रभावित समुदायको अनुभव, आवश्यकता र अधिकारलाई अन्तरराष्ट्रिय जलवायु वित्त तथा नीति निर्माणको केन्द्रमा राखिनुपर्ने, जलवायु परिवर्तनका कारण सिर्जित विस्थापन, बसाइँसराइ तथा गैरआर्थिक हानि सम्बोधन गर्न विशेष अन्तरराष्ट्रिय सहयोग र संयन्त्र विकास गरिनुपर्ने, तथ्यमा आधारित विपद् जोखिम आकलन एवं विपद् जोखिम नक्साङ्कन गरी अति जोखिमयुक्त क्षेत्रमा नेपाल सरकारले मध्यमयुक्त क्षेत्रमा प्रदेश सरकार र कम जोखिमयुक्त क्षेत्रमा स्थानीय सरकारले कार्य गर्ने गरी आवश्यक कानुनी एवं अन्य आवश्यक व्यवस्था गरी जिम्मेवारी र स्रोत साधन बाँडफाँट गर्नुपर्ने घोषणापत्रमा समेटिएको छ। घोषणापत्रमा स्थानीय तथा आदिवासी ज्ञान, प्राकृतिपूजक संस्कृति, प्रकृति संरक्षण र समुदाय तथा समुदायको अधिकारलाई जलवायु समाधानको अभिन्न आधारका रुपमा मान्यता दिइनुपर्ने, सङ्घीय सरकारले स्थानीय तहको आवश्यकता र जोखिमको प्रकृति अनुसार जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धी प्राविधिक जनशक्ति उपलब्ध वा व्यवस्थापन गर्न पहल बढाइनुपर्नेछ। मुस्ताङको कालीगण्डकी नदी र अन्य सहायक खोलामा प्राकतिक स्रोत थुप्रिँदा तटीय क्षेत्र जोखिममा परेकाले नदी उत्खननसम्बन्धी कानुन संशोधन गरी आवश्यक कानुन निर्माण गर्नुपर्नेलगायतका ४९ बुँदे घरपझोङ जलवायु परिवर्तन सम्मेलनबाट घरपझोङ घोषणापत्र जारी भएको हो।

यसअघि मुस्ताङको घरपझोङ गाउँपालिकाले सहभागी स्थानीय तहलाई पत्रचार गरी भदौ १५ गतेसम्म सम्बन्धित स्थानीय तहमा जलवायुले पारेको असर र न्यूनीकरणलगायतका विषयमा घोषणापत्रका लागि सुझाव सङ्कलन गरेको थियो।

सोही आधारमा तयार पारिएको घोषणापत्र मस्यौदालाई सम्मेलनको दोस्रो तथा अन्तिम दिन स्थानीय तहको सुझावसहित पारित गरिएको थियो। सम्मेलनमा सात प्रदेशका ४२१ स्थानीय तह र ३६ जिल्ला समन्वय समितिका प्रतिनिधि सहभागी भएका थिए।

# बाढीप्रभावितका लागि त्रिभुवन विश्वविद्यालयको नौ करोड २५ लाख सहयोग

काठमाडौँ। त्रिभुवन विश्वविद्यालयले भोटेकोशी नदीमा गएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि रु नौ करोड २५ लाख सहयोग गरेको छ।



विश्वविद्यालयका उप कुलपति प्रा डा भोला थापाले बुधबार शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेललाई मन्त्रालयमा उक्त रकमको चेक हस्तान्तरण गर्नुभयो।

विश्वविद्यालयका अनुसार पदाधिकारी तथा कर्मचारीको तलब र भत्ताबाट कट्टा गरिएको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा जम्मा गरिएको हो।

उपकुलपति, रजिष्ट्रार र रेक्टरले एक महिनाको तलब तथा प्राध्यापक र प्रशासनतर्फका सोसरहका कर्मचारीले मासिक सुरु तलब स्केलको १० दिन बराबरको रकम योगदान गरेका छन्।

त्यस्तै, उपप्राध्यापक तथा उपप्रशासक र शाखा अधिकृत तथा प्रशिक्षक वा सोसरहका शिक्षक-कर्मचारीबाट सात दिन बराबर, मुख्य कार्यालय सहायक तथा कार्यालय सहायक वा सोसरहका कर्मचारीबाट पाँच दिन बराबर र श्रेणीविहीन कर्मचारीबाट दुई दिन बराबरको पारिश्रमिक कट्टा गरी कोषमा जम्मा गरिएको विश्व विद्यालयले जनाएको छ। कुलपति थापाका अनुसार रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनलगायत क्षेत्रमा आएको भीषण बाढीबाट भएको जनधनको क्षतिपछि राहत तथा पुनःस्थापना कार्यमा योगदान पुर्याउने उद्देश्यले उक्त रकम सहयोग गरिएको हो।

विश्वविद्यालय कार्यकारी परिषद्को हालै बसेको बैठकले विभिन्न तहका पदाधिकारी, शिक्षक तथा कर्मचारीको पारिश्रमिकबाट निश्चित रकम कट्टा गरी राहत कोषमा जम्मा गर्ने निर्णय गरेको थियो।

# जलवायु कूटनीतिमा दीर्घकालीन संस्थागत संरचना निर्माण गर्नुपर्छः परराष्ट्रमन्त्री खनाल

काठमाडौँ। परराष्ट्रमन्त्री शिशिर खनालले जलवायु परिवर्तन बहुपक्षीय विषय भएकाले यसको प्रभावकारी सम्बोधनका लागि दीर्घकालीन संस्थागत संरचना निर्माण गर्नुपर्नेमा जोड दिनुभएको छ।

परराष्ट्र मन्त्रालयद्वारा बुधबार काठमाण्डौमा आयोजित दोस्रो संस्करणको 'मोफा नलेज फोरम' मा 'जलवायु कूटनीति' विषयमा सम्बोधन गर्दै उहाँले जलवायु परिवर्तनको विषय बहुपक्षीय भए पनि त्यसका लागि दीर्घकालीन संस्थागत संरचना आवश्यक रहेको बताउनुभयो।

"जलवायु परिवर्तनको विषय बहुपक्षीय विषय हो। तर त्यसको लागि हामीले दीर्घकालीन संस्थाको निर्माण गर्नुपर्छ," उहाँले भन्नुभयो। मन्त्री खनालले सही संस्थाहरूको निर्माण गरी बहुपक्षीय संस्थाहरूसँग समन्वय गर्न सकेमा मात्रै जलवायु परिवर्तनका विषयमा प्रभावकारी उपलब्धि हासिल गर्न सकिने धारणा व्यक्त गर्नुभयो।

सो क्रममा उहाँले जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन (कोप) मा विषयहरू आउने-जाने भए पनि नेपाललाई कस्तो संस्थागत संरचना आवश्यक छ र त्यसलाई अन्तरराष्ट्रिय मञ्चमा कसरी बलियो रूपमा प्रस्तुत गर्न सकिन्छ भन्ने विषयमा ध्यान दिनुपर्ने बताउनुभयो।

"नेपाललाई कस्तो संस्था चाहिन्छ र हामीले कुन अन्तरराष्ट्रिय फोरममा बलियो रूपमा प्रस्तुत गर्न सक्छौँ भन्ने कुरा महत्वपूर्ण विषय हो," मन्त्री खनालले भन्नुभयो।



छलफलमा जलवायु परिवर्तनका विभिन्न क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा काम गरिसकेका तथा गरिरहेका विज्ञहरूसँग सुझाव तथा परामर्श लिइएको थियो। कार्यक्रममा सहभागीहरूलाई आफ्ना सल्लाह तथा सुझाव दिन आग्रह गरिएको थियो। कार्यक्रममा संयुक्त राष्ट्रसङ्घमा नेपालको सहभागिता तथा त्यहाँ नेपालले जलवायु परिवर्तनका विषयमा गर्नुपर्ने प्रस्तुतीकरणबारे पनि छलफल भएको थियो।

# भोटेकोशी बाढीप्रभावितका लागि एनसेल कर्मचारीद्वारा सहयोग

काठमाडौँ। रसुवास्थित भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि एनसेल आजियाटा लिमिटेडका कर्मचारीले सामूहिकरूपमा रु ३३ लाख ५० हजार सहयोग गरेका छन्।




कर्मचारीका तर्फबाट सङ्कलित उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको रसिद बुधबार सूचना तथा सञ्चार मन्त्री डा विक्रम तिमिल्सिना को उपस्थितिमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष अर्जुन घिमिरेलाई हस्तान्तरण गरिएको हो। एनसेल आजियाटा लिमिटेडका चिफ रेगुलेटरी एन्ड कर्पोरेट सर्भिसेज अफिसर डिल्लीराम श्रेष्ठले उक्त रकम हस्तान्तरण गर्नुभएको थियो।

भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ र चितवनका विभिन्न क्षेत्रमा जनधन तथा भौतिक पूर्वाधारमा ठूलो क्षति पुगेको छ। बाढी प्रभावितको उद्धार, राहत वितरण तथा पुनःस्थापनाका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट सहयोग जुटाउने क्रम जारी रहेको छ। एनसेल आजियाटा लिमिटेडले यसअघि पनि संस्थागत रूपमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु एक करोड सहयोग गरिसकेको छ।

# एक अर्ब ३४ करोडको हुन्डी कारोबार गर्ने युवा पक्राउ

काठमाडौँ। अवैध हुन्डी कारोबारमा सङ्लग्न भएको आरोपमा प्रहरीले एक युवालाई पक्राउ गरेको छ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले रु एक अर्ब ३४ करोड ७८ लाख ३९ हजार बराबरको अवैध हुन्डी कारोबार गरेको आरोपमा धनुषाको शहीदनगर नगरपालिका-४ का २४ वर्षीय अजयकुमार मुखियालाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो। ब्यूरोका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक अनुपमशमशेर जबराले विभिन्न समयमा मलेसियालगायत विभिन्न मुलुकबाट अवैध रूपमा हुन्डी कारोबारमा सङ्लग्न भएको सूचनाका आधारमा मुखियालाई पक्राउ गरिएको जानकारी दिनुभयो। उक्त सूचनालाई थप सूक्ष्म अनुसन्धान तथा विश्लेषण गर्ने क्रममा विभिन्न समयमा व्यक्तिगत तथा व्यावसायिक बैंक खाताको प्रयोग गरी हालसम्म उक्त रकम बराबरको अवैध हुन्डी कारोबार गरेको खुलेको ब्यूरोले जनाएको छ। धनुषा जिल्ला अदालतबाट पक्राउ अनुमति लिएर सीआईबी र जिल्ला प्रहरी कार्यालय, धनुषाको संयुक्त प्रहरी टोलीले मुखियालाई पक्राउ गरेको प्रवक्ता जबराले बताउनुभयो।

पक्राउ परेका मुखियामाथि 'हुण्डी सम्बन्धी कारोबार गर्न नहुने' कसुरमा अनुसन्धान भइरहेको ब्यूरोले जनाएको छ। उक्त घटनामा संलग्न अन्य व्यक्तिको खोजी भइरहेको प्रवक्ता जबराले बताउनुभयो।

# पराजुली सहित चार जना विशिष्ट श्रेणीमा बढुवा

काठमाडौँ। सरकारले नेपाल प्रशासन सेवाका सहसचिव काली प्रसाद पराजुलीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बुधबार बसेको मन्त्रि परिषद् बैठकले पराजुलीसहित चार जनालाई सचिवमा बढुवा गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल ले जानकारी दिनुभयो।

बैठकले नेपाल न्याय सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू ठगीन्द्र कट्टेल, राम प्रसाद भट्टराई र बाबुराम दाहाललाई पनि राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गर्ने निर्णय गरेको छ।

नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभमा अग्रिम करको दर निर्धारण गर्ने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ।

सो अवसरमा बासिन्दा प्राकृतिक व्यक्तिले ३६५ दिनभन्दा बढी अवधि स्वामित्वमा राखेको हितको लाभ रकममा ३.५ प्रतिशत र ३६५ दिन वा सोभन्दा कम अवधि स्वामित्वमा राखेको हितको लाभ रकममा पाँच प्रतिशत अग्रिम कर कायम गरिएको छ।

मन्त्रिपरिषद्ले साउदी अरबमा मृत्यु वा घाइते भएका नेपाली नागरिकको बिमा तथा क्षतिपूर्ति रकम प्राप्तिका लागि कानुनी प्रक्रिया अघि बढाउने निर्णय पनि गरेको छ। त्यसका लागि साउदी नागरिक कानुन व्यवसायीलाई वारेसनामा (पावर अफ एटर्नी) दिई बिमा तथा क्षतिपूर्तिको प्रक्रिया अगाडि बढाइने भएको छ।

बैठकले सरकारी निर्णय प्रक्रिया (सरलीकरण तथा डिजिटल बनाउने) सम्बन्धी नियमावली, २०८३ र चक्रीय राहत कोष सञ्चालन कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णयसमेत गरेको छ।

# जीविकोपार्जन सुधारका लागि पर्या-पर्यटन

गण्डकी। पर्या-पर्यटनको माध्यम बाट स्थानीयस्तरमा आयआर्जन वृद्धि तथा रोजगारी सिर्जनाका लागि पोखरा महानगरपालिकाले फेवाताल र पञ्चासे क्षेत्रमा महत्वपूर्ण पर्यटन पूर्वाधार आयोजना अगाडि बढाएको छ।

एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित 'सहरी उत्थानशील तथा जीवनयापन सुधार परियोजना' अन्तर्गत 'फेवाताल अर्गानिक ट्रेल' र 'पञ्चासे इको डेभलेभमेन्ट' आयोजना निर्माणका लागि बोलपत्र आह्वान भइसकेको परियोजनाका इन्जिनियर नवीन गौतमले जानकारी दिनुभयो। झण्डै रु ५२ करोडको लागतमा बन्ने यी दुई आयोजनाको काम सुरु भएको १८ महिनाभित्र सक्ने लक्ष्य रहेको उहाँको भनाइ छ।

अहिले "बोलपत्रको प्रकृया टुङ्गिएपछि अबको दुई/तीन महिना भित्रैमा पूर्वाधार निर्माणको काम सुरु हुन्छ", इन्जिनियर गौतमले भन्नुभयो, "पोखरा आउने पर्यटकको बसाइँ लम्बाउने, स्थानीयस्तरमा रोजगारी सिर्जना र जीविकोपार्जजन मा सुधार ल्याउने उद्देश्ययले यी आयोजना सुरु गर्न लागिएको हो।" सङ्घीय सरकारलाई विश्व बैङ्कले दिएको सहुलियतपूर्ण ऋणबाट सशर्त अनुदानमार्फत महानगर पालिकाई प्राप्त हुने ७५ प्रतिशत, नगर विकास कोषको १८ प्रतिशत ऋण सहयोग र महानगरको आन्तरिक स्रोतबाट सात प्रतिशत बजेट आयोजना निर्माणमा खर्च हुनेछ। 'फेवाताल अर्गानिक ट्रेल'अन्तर्गत चारवटा पदमार्ग स्तरोन्नति गरिने इन्जिनियर गौतमले बताउनुभयो।

"अहिले भएकै पदमार्गलाई स्तरोन्नति गर्ने, पर्यटन पूर्वाधारलाई वातावरणमैत्री ढङ्गले विकास गर्ने योजना रहेको छ", उहाँले भन्नुभयो, "पदमार्गमा प्रवेशद्वार, विश्रामस्थल, सूचनापाटी, सङ्केत चिन्ह, शौचालय, खानेपानी, रेलिङ आदि संरचना निर्माण हुनेछन्।"

पदमार्गमा पर्ने चौताराको संरक्षण र फोहर व्यवस्थापनका लागि चाहिने संरचना पनि बनाइने इन्जिनियर गौतमले बताउनुभयो। पूर्वाधार निर्माण गर्दा वातावरणीय स्वच्छतालाई ध्यान दिई स्थानीय स्रोतसाधन र प्रविधिको प्रयोग गरिने उहाँको भनाइ छ।

भत्केका र जीर्ण भएका पदमार्गलाई मर्मत सम्भार समेत गरिने छ। परियोजना मार्फत ड्याम साइडदेखि फेवातालको किनारै-किनार अनदु हँदै तालभन्दा पारिसम्म ६.८ किमि, ड्यामसाइड देखि बसुन्धरापार्क-तालबराही हुँदै गैराचौतारासम्म ४.९ किमि, ड्यामसाइडदेखि विश्वशान्ति स्तूपा हुँदै पुम्दीकोटसम्म ४.७ किमि र शान्तिस्तूपाबाट फेवाताल जोड्ने ०.८५ किमिको पदमार्ग स्तरोन्नति गरिने भएको हो। यस्तै कास्की, पर्वत र स्याङ्जाको सङ्गमस्थल पञ्चासेमा पनि चारवटा पदमार्ग स्तरोन्नति हुने इन्जिनियर गौतमले बताउनुभयो। डाँडाकेटेरीदेखि लामथाङसम्म ०.८३ किमि, पञ्चासे भञ्ज्याङदेखि लामथाङसम्म १.१४ किमि, पञ्चासे भञ्ज्याङदेखि पञ्चासे मन्दिरसम्म २.०५ किमि र पञ्चासे भञ्ज्याङदेखि पोखरीसम्म ०.४२ किमि पदमार्ग स्तरोन्नति हुनेछ।

अहिले पञ्चासेमा रहेको ऐतिहासिक पोखरी र 'बर्ड वाचिङ टावर'को सौन्दर्यीकरण गरिने महानगरले जनाएको छ। जैविक विविधताले भरिएको पञ्चासे क्षेत्रमा रहेका वनस्पतिको नामाकरण पनि गरिने भएको छ।

महानगर पालिकाले पर्य-टकीय क्षेत्र पञ्चासे जोड्ने गरी साइकल लेनसहितको विशेष पहुँच मार्ग र अध्ययन केन्द्र निर्माणको योजना पनि अगाडि बढाएको छ।

पोखरा-२३ घाँटीछिनादेखि पञ्चासेको भञ्ज्याङसम्म निर्माण गरिने विशेष पहुँच मार्गको बोलपत्रसम्बन्धी कागजात र संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन केही समयअघि नगर कार्यकालिकाको बैठकले स्वीकृत गरेको थियो।

पोखराको पर्यटन प्रवर्द्धन, दिगो सहरी यातायात र पर्यावरण मैत्री पूर्वाधार निर्माण, जैविक विविधताको अध्ययन तथा अनुसन्धान का लागि यी आयोजनाले महत्वपूर्ण टेवा पुऱ्याउने छ।

# मन्त्री चौधरीद्वारा कोरला नाकाको स्थलगत निरीक्षण

काठमाडौँ। कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले चीनसँगको सीमा जोडिएको कोरला नाकाको स्थलगत निरीक्षण गर्नुभएको छ।

निरीक्षणका क्रममा हिजो मन्त्री चौधरीले नाकाबाट हुने कृषि तथा पशुजन्य वस्तुको आयात-निर्यातको अवस्था, त्यसका लागि आवश्यक पूर्वाधार तथा प्रक्रियाबारे सम्बन्धित अधिकारी हरूसँग जानकारी लिनुभएको उहाँको सचिवालयले जनाएको छ। उहाँले विशेषगरी स्थानीय उत्पादन तथा कृषि उपजको व्यापारलाई सहज, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक व्यवस्थाबारे जिज्ञासा राख्नुभएको थियो। मन्त्री चौधरीले कोरला नाका हुँदै हुने कृषि तथा पशुजन्य वस्तुको व्यापारमा देखिएका समस्या पहिचान गरी आवश्यक सहजीकरण गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभयो। पशुजन्य व्यापारका रूपमा रहेको च्याङ्गाको ओसारपसार तथा व्यापारलाई व्यवस्थित र सहज बनाउन क्वारेन्टाइन सम्बन्धी व्यवस्थामा विशेष ध्यान दिनुपर्ने विषयमा पनि उहाँले चासो राख्नुभएको थियो। च्याङ्गा व्यापारमा झन्झट नहुने गरी स्वास्थ्य तथा पशुजन्य वस्तुको सुरक्षा मापदण्ड कायम राख्दै प्रक्रियालाई प्रभावकारी बनाउनुपर्ने बाउनुभयो।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com